# महाकाली नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि - २०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७५/१०/२४
प्रमाणिकरण मिति २०७५/११/०१

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूर पश्चिम प्रदेश

**प्रस्तावना**

नेपालको संविधानको भाग ४ धारा ५१ (घ) अनुसार स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न तथा बहुसंख्यक जनताको उद्योग व्यवसायमा पहुँच पुऱ्याउने उद्देश्य बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२) खण्ड (ञ) को उपखण्ड (६) को आधारमा उद्योग व्यवसाय प्रवर्द्धन, बिस्तार साथै गुणस्तरीय एवम् विश्वसनीय सेवा प्रवर्द्धन गर्ने उद्देश्य राखी महाकाली नगरपालिका क्षेत्र भित्र संचालित एव सञ्चालन भई रहेका तथा हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत नगरपालिकाको आन्तरिक आम्दानी बृद्धिलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिनमा रही महाकाली नगरपालिकाको कार्यपालिका बैठकबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद - १ **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम "महाकाली नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि - २०७५" रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यालय" भन्नाले यस महाकाली नगरपालीकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस महाकाली नगरपालीकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस महाकाली नगरपालीका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "प्रमुख" भन्नाले यस महाकाली नगरपालीकाको निर्वाचित प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकार प्राप्त व्यक्ति सम्झनु पर्नेछ ।

(ङ) "उप–प्रमुख" भन्नाले महाकाली नगरपालीकाको निर्वाचित उप–प्रमुख सम्झनु पर्नेछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले महाकाली नगरपालिका दार्चुलाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस महाकाली नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस महाकाली नगरपालीकाको ९ वटै वडाका समितिहरु सम्झनु पर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस महाकाली नगरपालीका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "उद्योग प्रवर्द्धन शाखा" भन्नाले नगरपालिकाको उद्योग तथा व्यवसाय सम्बन्धि कार्य हेर्ने शाखा वा ईकाई सम्झनु पर्नेछ ।

(ट) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि - २०७५" सम्झनु पर्नेछ ।

## परिच्छेद - २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

३. **उद्योग व्यवसाय प्रवर्द्धनको क्षेत्र** : महाकाली नगरपालीकाक्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **उद्योग व्यवसाय प्रवर्द्धनका विषयगत क्षेत्र** : नगरपालिका क्षेत्र भित्रका उद्योग व्यवसायहरु वर्गीकृत गर्ने र वर्गीकरणको आधारमा आर्थिक ऐनले तोकेको करको दायरामा समावेश गरिनेछ ।

१) दैनिक उपभोग्य वस्तुको उत्पादन र बिकि वितरण

- क) किराना पसल,
- ख) कुटानी पिसानी मिल,
- (ग) तरकारी पसल
- (घ) पेय पदार्थ उत्पादन र बिकि
- (ङ) दुग्धजन्य पदार्थ उत्पादन र बिकि
- (च) खाद्यान्न संकलन तथा बिकी वितरण
- (छ) कपडा पसल, सिलाई–कटाई आदि
- (ज) मिष्ठान्न र नमकीन उत्पादन तथा बिकी

२) सेवा प्रवाह सम्बन्धी व्यवसाय

- (क) आवासीय होटल, रिसोंट, रेष्टुरेन्ट, खाना होटल, चिया खाजा पसल,
- (ख) पर्यटन प्रवर्द्धन गर्ने व्यवसाय,
- (ग) निर्माण सामग्री बिकि वितरण सम्बन्धी व्यवसाय
- (घ) उद्योग सम्बन्धी व्यवसायहरु

३) ज्ञान सीप सिकाउने व्यवसाय

- (क) तालीम केन्द्र/व्यवसायिक तालीम केन्द्र
- (ख) निजी विद्यालय,
- (ग) ट्युशन केन्द्र/अध्ययन अनुसंधान केन्द्र

४) प्राकृतिक स्रोत उत्खनन, प्रयोग र सेवा प्रवाह गर्ने उद्योग तथा कल कारखाना

- (क) बालुवा प्रशोधन
- (ख) कसर उद्योग
- (ग) ब्लग रिङ्ग कङ्कीट,
- (घ) फर्निचर,

०६५।११।०९

नि.प्रमुख प्रशासकीय अधिकृत

(ङ) खानी,

(च) ग्रील मिल / उद्योग

५) मेसिनरी सामान निर्माण, मेसिनरी सामान, कम्प्युटर, ईलेक्ट्रोनिक सामान मर्मत तथा बिक्री वितरण तथा ईन्जिनीयरिङ्ग व्यवसाय सम्बन्धी र कानून व्यवसायी सम्बन्धी

६) रासायनिक वस्तु उत्पादन तथा बिक्री वितरण

७) मानव तथा जैविक स्वास्थ्यः फार्मेसी, कृषि पशु स्वास्थ्य उद्योग, अस्पताल क्लीनीक

८) ईन्धन प्रशोधन तथा बिक्री वितरण र एलपी ग्याँस

९) विविध व्यवसाय : नर्सरी, कृषि तथा पशुपालन फार्म, कन्सलटेन्सी तथा परामर्श केन्द्र बैदेशिक रोजगार केन्द्र संचार सेवा, सप्लायर्स, शैलुन, व्यूटी पार्लर, बुटिक आदि

१०) महाकाली नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको सर्म्पूण उद्योग तथा व्यवसायहरु

**५. व्यवसाय दर्ता तथा सूचिकृत सम्बन्धी प्रकृया :** (१) प्रत्येक व्यवसायीले नगरपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नु पर्नेछ र नगर कार्यपालिकको कार्यालयले अनुसूचि ४ बमोजिमको ढाँचामा अभिलख व्यवस्थापन गर्नु पर्नेछ ।

(२) यो कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आउनु भन्दा पूर्व सञ्चालनमा रहेका व्यवसायहरु नगरपालिकाको कार्यालयमा सूचिकृत गर्नु पर्नेछ, र नगर कार्यपालिकको कार्यालयले अनुसूचि ५ बमोजिमको ढाँचामा अभिलख व्यवस्थापन गर्नु पर्नेछ ।

(३) व्यवसाय सूचिकृत गर्न नगरपालिको कार्यालयले स्थानीय संचार माध्यमबाट सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्दा तोकेको समय भित्र व्यवसाय सूचिकृत गरी सक्नु पर्नेछ ।

(४) साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय नगरपालिकामा दर्ता गरि सक्नु पर्नेछ ।

**६.व्यवसाय दर्ताका लागि आवश्यक कागजात सम्बन्धी व्यवस्था :** १) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित **अनुसूची १** बमोजिमको ढाँचामा नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) हालसालै खिचेको २ प्रति फोटो

(ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपि

(ग) वडा कार्यालयको सिफारिस

(घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(ङ) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा (घर / जग्गा बहाल सम्झौता)

(च) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(छ) संयुक्त व्यवसाय, फर्म वा कम्पनीको हकमा मुख्य व्यक्तिको नाममा व्यवसाय, फर्म वा कम्पनीले अधिकार प्रत्यायोजन गरेको पत्रको प्रतिलिपि

७. **प्रमाणपत्र तथा प्रतिलिपि सम्वन्धी व्यवस्था :** (१) दफा ६ (१) मा उल्लेखित कागजातहरु प्राप्त भई सके पश्चात आर्थिक ऐनमा तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र प्रमुख प्रशासकीय अधिकृतले जारी गर्नेछ ।

(२) व्यवसायीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि माग गरी निवेदन गरेमा रु. ५०० दस्तुर लिई प्रचलित कानून बमोजिम प्रतिलिपि दिईनेछ ।

(३) यो कार्यविधि लागु हुनु भन्दा पूर्व दर्ता भई सञ्चालनमा रहेका व्यवसाय तथा नगरपालिकामा सूचिकृत भएका व्यवसायहरु दफा ८ बमोजिम पहिलो पटक नवीकरण गर्दा अनुसूचि ३ बमोजिमको ढाँचामा अद्यावधिक प्रमाणपत्र उपलब्ध गराईनेछ ।

८. **व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था** : (१) प्रत्येक व्यवसायीले आर्थिक बर्ष समाप्त भएको मितिले असोज मसान्त भित्र आफ्नो व्यवसाय अनिवार्य रुपमा नगरपालिकाको कार्यालयबाट नवीकरण गरि सक्नु पर्नेछ ।

(२) व्यवसाय नवीकरणको लागि अनुसूचि २ को ढाँचामा आवश्यक कागजपत्र संलग्न राखी नगर कार्यपीलकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) व्यवसाय नवीकरणको प्रमाणपत्र सम्बन्धी व्यवस्था व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था** : (१) व्यवसाय दर्ता/नवीकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा नगर सभाबाट स्वीकृत आर्थिक ऐनमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) आ.ब.समाप्त भए पछि व्यवसाय दर्ता/नवीकरण शुल्कमा नगरकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ सो पुनरावलोकन भएको शुल्क/दस्तुर नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नवीकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

१०. **व्यवसाय ठाउँसारी, नामसारी तथा मरुवा सरुवा सम्वन्धी व्यवस्था** : (१) व्यवसायीले आफ्नो व्यवसाय एक ठाउँबाट आर्को ठाउँमा सार्न कार्यालयमा आवेदन गरेमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई ठाउँसारी गर्न सकिनेछ ।

(२) व्यवसायीले आफ्नो व्यवसाय बिकी गर्न तथा नामसारी गर्न कार्यालयमा आवेदन गरेमा नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई नामसारी गर्न सकिनेछ ।

(३) ठाउँसारी, नामसारी मरुवा सरुवा गर्न भएको निर्णय प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ ।

(४) आवश्यक कागजपत्र बमोजिम मरुवा सरुवा गर्नु पर्ने भएमा सामान्य सिफारिस दस्तुर लिई मरुवा सरुवा गर्न सकिनेछ ।

०७५।११।०५

नि. प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद - ३

## अनुगमन तथा कारबाही सम्बन्धी व्यवस्था

**११.मूल्यसूची सम्वन्धी व्यवस्था** : सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट संग देख्ने गरी मूल्य सूची राख्नु पर्नेछ ।

**१२.बजार अनुगमन सम्वन्धी व्यवस्था** :(१) महाकाली नगरपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ ।

(२) बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था "महाकाली नगरपालिकाको बजार अनुगमन कार्यविधि" बमोजिम हुनेछ ।

**१३.व्यवसाय दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था** : (१) तोकिएको मापदण्ड पुरा नगर्ने तथा कानूनी र वित्तीय अनुशासन उल्लंघन गर्ने व्यवसायीलाई व्यवसायको प्रकृति हेरी ५ दिन देखि ६ महिना सम्मको सूधार गर्न म्याद दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र सूधार नगर्ने उद्योगी व्यवसायीको उद्योग व्यवसायको दर्ता खारेजी समेत गर्न सकिनेछ ।

(३) "महाकाली नगरपालिकाको बजार अनुगमन कार्यविधि" मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोही बमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सकिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा

(४) व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसया सञ्चालन नगर्ने आशय अनुसार नगरकार्यपालिकामा निवेदन पेश गरेमा नगरपालिकालाई तिर्नु पर्ने करहरु असुल गरी व्यवसाय बन्द तथा दर्ता खारेज गर्न सकिनेछ ।

(५) कुनै व्यवसायको दर्ता खारेज भएमा वा व्यवसाय बन्द भएमा दर्ता खारेजी तथा व्यवसाय बन्दको जानकारी पत्र लिनु पर्नेछ सोका लागि नगर कार्यपालिकाको कार्यालयले अभिलेख व्यवस्थापन गरी दर्ता खारेजी तथा व्यवसाय बन्दको जानकारी पत्र उपलब्ध गराउनु पर्नेछ ।

**१४.कारबाही र जरिवाना सम्वन्धी व्यवस्था** : (१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

सि.प्रमुख प्रशासकीय अधिकृत

(क) मूल्य सूची नराखेमा रु. ५००

(ख) प्रमाणपत्र नराखेमा रु. ५००

(ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा रु. २५००

(घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा रु. ५०००

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा रु. ५०००

(च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा रु. ५०००

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा रु. २०००

(२) उपदफा (१) बमोजिम जरिवाना गरी सके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४
## विविध

१५. **प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्था:** (१) कृषि तथा पशुजन्य व्यवसाय सञ्चालन गर्ने स्थानीय व्यवसायीलाई नगर कार्यपालिकाको निर्णय अनुसार अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) लक्षित वर्गलाई (महिला, दलित, सिमान्तकृत, उत्पीडित, अतिविपन्न) उद्यमशिलता प्रवर्द्धनको लागि तालिम तथा युवा स्वरोजगारको नीति अनुसार सहुलियत ऋण तथा अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) स्थानीय स्तरमा रोजगार श्रृजना गर्ने उद्यम तथा व्यवसायका बजारीकरण तथा व्यवस्थापनको लागि पूर्वाधार निर्माण गर्न सहुलियत प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (२) र (३) मा उल्लेख भएको सहुलियत प्रदान गर्दा नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१६. **श्रमीक सम्बन्धी व्यवस्था** : (१) नगरपालिका क्षेत्र भित्र संचालित सम्पूर्ण उद्योग/व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रम संग सम्बन्धित प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) प्रचलित श्रम ऐन तथा श्रम संग सम्बन्धित प्रचलित कानूनको पालना नगरी उजुरी प्राप्त भएका वा जानकारी प्राप्त भएमा आवश्यक कार्वाही गरिनेछ ।

१७. **वातावरण तथा भौगौलिक प्रभाव सम्बन्धी व्यवस्था:** (१) खानी उत्खनन, रासायनिक पदार्थ उत्पादन तथा प्राकृतिक स्रोतसाधन प्रयोग गरी सञ्चालन गरिने उद्योग सञ्चालन गर्न पूर्व वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा सो संग सम्बन्धित विज्ञको सिफारिसमा अनुमति दिनु पर्नेछ ।

(२) नगरपालिका भित्र सञ्चालन हुने उद्योग व्यवसायले आफुले उत्पादन गरेको फोहर तथा प्रदुषण स्वयम्ले व्यवस्थापन गर्ने जिम्मेवारी लिनु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

(३) व्यवसाययीहरुले उत्पादन गरेको फोहर कुहिने र नकुहिने छुट्टाछुट्टै संकलन गरी बिसर्जनको लागि नगरपालिकाको फोहर व्यवस्थापकीय पक्षलाई दिनु पर्नेछ ।

१८. **बाधा अड्काउ सम्वन्धी व्यवस्था** : (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

(३) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिकाले मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

१९. **विशेष व्यवस्था** : (१) प्रदेश कानुन सं बाभिउको हद सम्म वा महाकाली नगरपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरे सम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

(२) यो कार्यविधि जारी हुनु भन्दा पूर्व उद्योग व्यवसाय सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–१

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यु
महाकाली नगर कार्यपालिकाको कार्यालय
दार्चुला

विषय : व्यवसाय दर्ता सम्बन्धमा

प्रस्तुत विषयमा मैले तपसिल अनुसारको व्यवसाय सञ्चालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरी दिनु हुन अनुरोध गर्दछु साथै महाकाली नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधिको मापदण्ड र महाकाली नगरपालिकाबाट समय समयमा गरिने निर्देशन समेत स्वीकार्य हुने व्यवहोरा अनुरोध गर्दछु । यस निवेदनमा पेश भएको विवरण ठीक साँचो रहेकोछ फरक परेमा कानून बमोजिम सहुला बुझाउला ।

**व्यवसाय संग सम्बन्धित विवरण**

१. व्यवसायको नाम : ..............................................................
२. व्यवसायिको नाम (संयुक्त व्यवसाय, फर्म वा कम्पनीको हकमा मूख्य व्यक्तिको नाम):
३. स्थायी ठेगानाः
४. बाबुको नामः
५. व्यवसाय रहने स्थानको ठेगानाः
६. सम्पर्क फोन. फ्याक्स ईमेल
७. व्यवसाय भाडामा रहने भए घर/जग्गा धनीको नाम/ठेगानाः
८. व्यवसायको विवरण/प्रकृतिः
९. कूल पूँजी लगानी रु. :

**आवश्यक कागज पत्रहरु**

१. हालसालै खिचेको २ प्रति फोटो
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३. वडा कार्यालयको सिफारिस
४. व्यवसाय सञ्चालन हुने घर/जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
५. भाडामा व्यवसाय सञ्चालन हुने भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा (घर जग्गा बहाल सम्झौता)
६. उद्योगको हकमा संधियारको मञ्जुरीनामा
७. संयुक्त व्यवसाय, फर्म वा कम्पनीको हकमा मुख्य व्यक्तिको नाममा व्यवसाय, फर्म वा कम्पनीले अधिकार प्रत्यायोजन गरेको पत्रको प्रतिलिपि
८. संयुक्त व्यवसाय, फर्म वा कम्पनीको हकमा प्रबन्ध पत्र तथा नियमावली को प्रतिलिपि

**निवेदक**

नाम :
ठेगाना :
दस्तखत
मिति :

०६५।११।०१
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–२

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यु
महाकाली नगर कार्यपालिकाको कार्यालय
दार्चुला

विषय : **व्यवसाय नवीकरण सम्बन्धमा**

प्रस्तुत विषयमा ................................ सञ्चालक (प्रो.) रहेको तपसिल बमोजिमको व्यवसाय सञ्चालन रहेकको हुँदा नियमानुसार उक्त व्यवसाय नवीकरण गरी दिन हुन अनुरोध गर्दछु ।

**तपसिल**

१. व्यवसायको नाम तथा प्रकार :

२. व्यवसायिको नाम (संयुक्त व्यवसाय,फर्म वा कम्पनीको हकमा मूख्य व्यक्तिको नाम):

३. स्थायी ठेगाना:

४. व्यवसाय रहने स्थानको ठेगाना:

५. सम्पर्क फोन. फ्याक्स ईमेल

६. आवश्यक कागज पत्रहरु

१) दर्ता प्रमाण पत्रको प्रतिलिपि

२) वडा कार्यालयको सिफारिस

३) भाडामा व्यवसाय सञ्चालन भएको व्यवसायीले घर/जग्गा बहाल सम्झौताको प्रतिलिपि

४) गत भन्दा अघिल्लो आ.ब. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

**निवेदक**

नाम :
ठेगाना :
दस्तखत :
मिति :

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा दार्चुला

फोटो

# व्यवसाय दर्ता प्रमाण पत्र

प्रमाणपत्र नं :                                                                 दर्ता मिति :

प्रस्तुत विषयमा तपाईलाई “महाकाली नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि - २०७५” को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ। प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ।

**व्यवसायीको विवरण :**

१.   (क) व्यक्तिको नाम,थर :......................................................................

(ख) नागरिकता नं: .................... जारी जिल्ला र मिति :....................................

२. स्थायी ठेगाना:.........................................................

३. फोन:.......................................................... ई-मेल:.......................................

**व्यवसायको विवरण :**

१. व्यवसायको नाम : .......................................................................

२. व्यवसाय सञ्चालन हुने स्थान/ठेगाना:

३. कूल पूँजी लगानी (रु.) : ..................................................................

४. व्यवसाय बहालमा रहेको भए घरधनीको नाम : ..............................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरण :

## शर्तहरु

१) प्रत्येक आ.ब.को असोज मसान्त भित्र व्यवसाय नवीकरण गरी सक्नु पर्नेछ।

२) व्यवसायले ठाउँ सारी गर्नु परेमा वडा कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

३) आफूले सञ्चालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छोड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जानकारी पत्र लिनु पर्नेछ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र नगरपालिका तथा वडा कार्यालयको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ।

५) आफुले सञ्चालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइनेछैन्।

६) आफुले सञ्चालन गरेको व्यवसायबाट उत्पादन भएको फोहरमैला तोकिएको स्थानमा संकलन गरी राख्नु पर्नेछ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ।

८) “महाकाली नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि - २०७५ को दफा ७ अनुसार व्यवसाय कर प्रयोजनको लागि प्रमाणपत्र दिईएकोछ।

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

०७५।११।०५

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ४

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा दार्चुला

व्यवसाय दर्ता किताब

| दर्ता नं. | व्यवसायिको नाम | ठेगाना | व्यवसायको प्रकृति | कूल पूँजी | एकल/ साझेदारी | दर्ता मिति | दस्तुरको भौचर नं. र मिति | फोटो | व्यवसायिको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुचि ५

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा दार्चुला

व्यवसाय सूचिकृत किताब

| दर्ता नं. | व्यवसायिको नाम | ठेगाना | व्यवसायको प्रकृति | कूल पूँजी | एकल/ साझेदारी | दर्ता मिति | सूचिकृत मिति | फोटो | व्यवसायिको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत